गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट, सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎: ०७८-५०११९०
५०१११९
फ्याक्स: ०७८-५०११९०


प.सं. २०७६/०७७
च.नं. ८४१

मिति ....२०७६।०८।०६....

# सूचना ! सूचना !! सूचना !!!

गैंडाकोट नगरपालिका वडा नं १ मा कार्यालय रहेको, गैंडाकोट नगरपालिका वडा नं १ का स्थानीय श्री केदारनाथ न्यौपानेको अध्यक्षताको संचालक समिति बाट हाल संचालित, तत्कालिन जिल्ला सहकारी कार्यालय नवलपरासीमा मिति २०५१/०२/१६ गते सहकारी ऐन,२०४८ अन्तर्गत दर्ता नं· ०९ कायम रहेको, हाल गैंडाकोट नगरपालिका को नियमन क्षेत्रभित्र पर्ने "संगम बचत तथा ऋण सहकारी संस्था" को मिति २०७५।०८।२८ गते सम्पन्न साधारण सभा बाट कार्यक्षेत्र र कार्यप्रकृति मिल्ले अन्य सहकारी संस्था संग एकीकरण गर्ने भनि निर्णय गरेको र मिति २०७६/०६/०२ गते श्री केदारनाथ न्यौपानेको अध्यक्षतामा एकीकरण कार्यदल बनाएको, यस्तै गैंडाकोट नगरपालिका वडा नं· ६ मा कार्यालय रहेको, गैंडाकोट नगरपालिका वडा नं· २ का स्थानीय श्री जयकृष्ण सापकोटाको अध्यक्षताको संचालक समिति बाट हाल संचालित, तत्कालिन जिल्ला सहकारी कार्यालय नवलपरासीमा मिति २०५८/०४/११ गते सहकारी ऐन,२०४८ अन्तर्गत दर्ता नं·०५ कायम भएको, हाल गैंडाकोट नगरपालिकाको नियमन क्षेत्रभित्र पर्ने "अविरत बचत तथा ऋण सहकारी संस्था" को मिति २०७५।०८।२२ गते सम्पन्न साधारण सभा बाट कार्यक्षेत्र र कार्यप्रकृति मिल्ले अन्य सहकारी संस्था संग एकीकरण गर्ने भनि निर्णय गरेको र मिति २०७६/०६/०९ गते श्री जयकृष्ण सापकोटाको अध्यक्षतामा एकीकरण कार्यदल बनाएको, उल्लेखित दुवै कार्यदलले एक आपसमा संस्था एकीकरणको लागि आवश्यक तयारी गरी मिति २०७६/०६/१६ गते संयुक्त कार्यदलको बैठक बसि एकीकरण पश्चात संस्थाको नाम, केन्द्रीय कार्यालय,दर्ता तथा पान नं ,सदस्यता, विनियम तयार योजना, एकीकरण कार्ययोजना तथा नेतृत्व सम्वन्धमा निर्णयहरु गरी प्रकृया अगाडि बढाएको, त्यसैगरी मिति २०७६/०७/२३ गते "संगम बचत तथा ऋण सहकारी संस्था" र "अविरत बचत तथा ऋण सहकारी संस्था" दुवैको संचालक समितिको संयुक्त बैठक वसि एकीकरण कार्यदलले सिफरिस गरेको संस्था एकीकरण सम्वन्धि निर्णयहरु पारित गरी सहकारी संस्था एकीकरणको स्वीकृति पाउनका लागि यस कार्यालयमा निवेदन कागजात पेस गरेको सम्वन्धमा,कार्यक्षेत्र गैंडाकोट नगरपालिकाको वडा नं १ देखि ९ सम्म नै कायम रहने गरी "संगम बचत तथा ऋण सहकारी संस्था" गैंडाकोट वडा नं १ र "अविरत बचत तथा ऋण सहकारी संस्था" गैडाकोट वडा नं ६ विच एकीकरण गर्दा सो एकीकरण ले कुनै शेयर सदस्य वा सरोकारवाला कोहि कसैलाई प्रतिकूल असर गर्छ गर्दैन, यदि प्रतिकूल असर गर्ने भए यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र स–प्रमाण गैंडाकोट नगरकार्यपालिकाको कार्यालयमा लिखित निवेदन पेस गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकासित गरीएको छ।

रामप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

रामप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

# गैंडाकोट नगरपालिका

नगरकार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी बर्दघाट सुस्ता पूर्व
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०७८-५०११९०

प. सं. : २०७६।०७७
च.नं. : ८४२

मितिः २०७६/०८/०६

श्री संगम बचत तथा ऋण सहकारी संस्था, गैंडाकोट वडा नं १, नवलपरासी (व·सु·पूर्व)।
श्री अविरत बचत तथा ऋण सहकारी संस्था, गैंडाकोट वडा नं ६, नवलपरासी (व·सु·पूर्व)।

बिषयः सूचना टाँस गरी जानकारी पठईदिने वारे।

उपर्युक्त सम्वन्धमा संगम बचत तथा ऋण सहकारी संस्था, गैंडाकोट वडा नं १ र अविरत बचत तथा ऋण सहकारी संस्था गैंडाकोट वडा नं ६ दुवैले संयुक्त रुपमा दुई सहकारी संस्था एकीकरणको कार्य गर्नकालागि पूर्व स्वीकृति पाउन मिति २०७६/०७/२७ गते निवेदन फाईल पेस गरेको सम्वन्धमा सहकारी ऐन, २०७४ को दफा ८७ (परिच्छेद–२५) उपदफा (१,२,३) सहकारी नियमावली, २०७५ को नियम ३९ (परिच्छेद–९) अनुसार, कार्यक्षेत्र गैंडाकोट नगरपालिकाको वडा नं १ देखि ९ सम्म कायम रहने गरी "सहकारी संघ/संस्था एकीकरण सम्वन्धी कार्यविधि, २०७०" अनुसार एकीकरण गर्दा यस एकीकरण बाट कुनै शेयर सदस्य वा सरोकारवाला कोहि कसैलाई प्रतिकूल असर गर्छ गर्दैन, यदि प्रतिकूल असर गर्ने भए स–प्रमाण गैंडाकोट नगरकार्यपालिकाको कार्यलयमा लिखित निवेदन पेस गर्न भनि यस कार्यालय बाट मिति २०७६/०८/०६ गते प्रकासित यसै पत्रसाथ संलग्न १५ दिने सार्वजनिक सूचना त्यस कार्यालयको सूचना पाटिमा टाँस गरी सो को जानकारी पठाईदिनुहुन, यस क्षेत्रमा उपलब्ध हुने कुनै पत्रिकामा सो सूचना प्रकाशन गरी प्रकाशन भएको १ प्रति पत्रिका उपलब्ध गराउनुहुन तथा स्थानीय स्तरको एफ· एम·मा समेत सो सूचना प्रशारण गर्नुहुन अनुरोध गरिन्छ।

रामप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री जिल्ला सहकारी संघ नवलपरासी (ब·सु·पूर्व) कावासोतीः संलग्न सूचना कार्यालयको सूचना पाटिमा टाँस गरी सो को जानकारी पठाईदिनुहुन।
श्री जिल्ला बचत तथा ऋण सहकारी संघ नवलपरासी (ब·सु·पूर्व) कावासोतीः " " " " "।
श्री सूचना तथा प्रविधि शाखा, गैंडाकोट नगरकार्यपालिकाको कार्यालयः वेभसाईटमा अपलोड गरिदिनुहुन।